# GOVERNMENT APPEAL FOR CRISIS MANAGEMENT PLAN OF NEPAL'S START-UPS DUE TO COVID 19

# SUMMARY

This document presents an urgent appeal to the Government of Nepal for a Crisis Management Plan to safeguard the country's start-ups amid the economic fallout of COVID-19. While Nepal has successfully limited COVID 19 transmission, the prolonged lockdown has severely impacted start-ups and many of them are facing imminent liquidity crises. These startups are the driver of innovation and employment  so no intervention will result in widespread business failures and job losses that could exacerbate Nepal's already vulnerable economy, heavily reliant on remittances and tourism.

The proposal outlines the Nepal COVID-19 Start-up Assistance Scheme, a comprehensive relief package developed through consultations with industry stakeholders. It combines financial support mechanisms with critical policy reforms, drawing on global best practices while addressing Nepal's specific challenges. The plan emphasizes rapid implementation to prevent irreversible damage to the entrepreneurial ecosystem, arguing that protecting start-ups today will preserve jobs, sustain innovation, and accelerate post-crisis recovery.

This appeal represents one of five key initiatives undertaken by a consortium of entrepreneurship support organizations during the pandemic. This appeal is led and prepared by Ashutosh Tiwari, Founder, SAFAL Partners and the five consortium projects are lead/coordinated by Sushant Rijal, Head, King's Incubator. The collective effort included research, mentorship programs, psychological wellbeing sessions, and policy advocacy alongside this government appeal.

# सारांश

यस दस्तावेजले नेपाल सरकारलाई COVID-19 को आर्थिक प्रभावबाट देशका स्टार्टअपहरू/ नवप्रवर्तनलाई  (उद्घाटन गरिएको कम्पनि) लाई संरक्षरण गर्नका लागि एक आपतकालीन व्यवस्थापन योजना बनाउनको लागि आग्रह गर्दछ । नेपालले COVID-19 को कहरलाई सफलतापूर्वक साम्य पारे पनि, लामो समयको लकडाउन पश्चात स्टार्टअप (उद्घाटन गरिएको कम्पनि) हरूमा गम्भीर प्रभाव पारेको छ र तिनीहरू धेरैजसो तरलताको संकटको  सामना गरिरहेका छन् । यी स्टार्टअपहरू नवप्रबर्धन (नविन विचार) र रोजगारका संबाहक हुन्, त्यसैले यी कम्पनीहरुमा नियन्त्रण नगर्दा व्यवसाय सफल नहुने र रोजगारमा ह्रास आउनेछ, जसले नेपालको कमजोर अर्थतन्त्रलाई अझ थिलथिलो  बनाउन सक्छ, जुन रेमिट्यान्स र पर्यटनमा अत्यधिक निर्भर छ ।

यस प्रस्तावले नेपाल COVID-19 स्टार्टअप / नवप्रवर्तनलाई सहायता योजना प्रस्तुत गर्दछ, जुन उद्योगका सरोकारवालासँगको परामर्श मार्फत निर्माण गरिएको एक समग्र राहत प्याकेज हो । यसले वित्तीय प्रणालीका महत्त्वपूर्ण नीतिगत सुधारहरूलाई संयोजन गर्दछ, यो विश्वव्यापी उत्कृष्ट अभ्यासहरूका आधारमा नेपालका विशेष चुनौतीहरूलाई सम्बोधन गर्दछ । यो योजना तात्काल कार्यान्वयनमा जोड दिन्छ ताकि उद्यमशीलता को समयानुसारको प्रणालीमा अपरिवर्तनीय क्षति रोक्न सकियोस्, र आजका  स्टार्टअप / नवप्रवर्तनलाई हरूलाई संरक्षण गर्नु भनेको रोजगारलाई जोगाउनु, नवविचारलाई कायम राख्नु, र संकटपछि पुनःस्थापना प्रक्रियालाई तीव्र बनाउनु हो भन्ने तर्क प्रस्तुत गर्दछ ।

यो अपील महामारी जस्तो समयमा उद्यमशीलतालाई साथ  दिने संस्थाहरूको एक समूहद्वारा तयार गरिएका पाँच प्रमुख  मध्ये एक हो। यो अपील अशुतोष तिवारी, संस्थापक, सफल पार्टनरद्वारा नेतृत्व गरिएको हो र पाँचवटा समूह परियोजनाकारहरू सुशान्त रिजाल, प्रमुख, किंग्स इन्क्युबेटरद्वारा नेतृत्व गरिएको छ । यस सामूहिक प्रयासमा सरकारको अपील सँगै अनुसन्धान, परामर्श कार्यक्रम, मानसिक स्वास्थ्य सत्रहरू, र नीतिगत वकालत समेत समावेश गरिएको छ ।

***Date: 21 April 2020***

Thank you for the opportunity to make a submission in relation to the imperative need for a Crisis Management Plan for Nepal's start-ups1 amidst the socio-economic constraints put forth by COVID-19.

Over the last two months, the Nepalese government has done an excellent job in limiting the spread of COVID-19 to low double digits while the rest of the world is continuing to struggle with an exponential rise in numbers. In the continuation of the lockdown, it is expected that the government will scale rapid testing, secure supplies of medical equipment (new technologies like pool testing are being developed), set up infrastructures for quarantine and isolation, and enhancing the technical and physical capacity of Nepal's health sector to contain this crisis. It is hoped that this response will be sustainable, and that current preparation shall establish effective precedence on how similar crisis situations can be dealt with in the future.

The urgency of the situation demands that humanitarian needs are prioritised in the present day. Beyond this immediate concern––for a nation whose economy relies heavily on the hard-hit sectors of remittance and tourism––it is imperative to pursue economic policies hand in hand with humanitarian needs. While commentators have established the impact of tourism and lost remittance in Nepal's economy, there has been little discourse on the impact on Small and Medium Enterprises (SMEs) in Nepal, and particularly on the many start-ups that have continued to contribute to Nepal's technological innovation and the economy.

Although the economic impacts of government measures to contain COVID-19 on Nepal's over 400 start-ups are yet to be studied, the anecdotal evidence of the consequences are plentiful. Start-ups in their early stages are in the risk of dying out while even established start-ups with strong market presence are expressing concerns of a liquidity crunch. The start-ups in Nepal face an immense time-pressure and if their businesses do not revive within the next 4 to 6 weeks, a majority express that they will run out of business. Even in a moderate risk scenario, businesses will be compelled to lay off employees causing an increase in unemployment, exacerbating the already hard-hit economic indicator. Understandably, the challenges faced by start-ups are not unique to Nepal and are something being experienced worldwide. The closest knowledge on the situation of start-ups can be taken by understanding SMEs. Seeking evidence from the United States, 62% of SMEs only have a 3 month cash flow and ⅓ of businesses have 27 day cash-flows. It is only fair to assume that Nepali SMEs face a similar if not worse case.

Our request for government response in facilitating the survival of start-ups is not curry-favouring. Rather, there is a strong business case for the need to support these start-ups given how deeply entrenched the sector is for Nepal's economy in the present and the future. The Guardian correctly notes that if a lockdown is going to be short-lived, it is better to stop businesses failing in the first place.

---

1 To qualify as a start-up under Nepal's Ministry of Industry 2017 Start-up Policy, companies should have a registered life not exceeding five years, have invested capital not more than NPR 100 million and an annual turnover not exceeding NPR 100 million in any preceding fiscal year.

The failure of start-ups and SMEs and the eventual "re-matching of markets, companies and workers often makes recessions prolonged and painful." In looking at the economic trade-off of fulfilling our request, precedence and global practices suggest that providing assistance schemes to these emerging sectors will only create a win-win situation for both start-ups and the Nepalese Economy. As the saying goes, "Saving jobs today, and creating new jobs tomorrow."

To keep business afloat, almost every country has enacted assistance schemes. Such measures have come in the form of decreased interest rates, increased access to low-interest loans, dismissal of tax payment schemes, waiving of rent payments and continued payrolls to employees. Central banks have been buying government bonds to keep interest rates down, and have extended credit to banks with no limit and little cost, as well as directly to companies.

Italy and Spain have enacted a moratorium on many loan repayments. Germany has waived off limits on how much firms can borrow from the state, although requiring loans to be paid back, even if over many years. Denmark has opted to pay companies up to 90% of their wage bill, as well as sick leave, rent and other fixed costs. The UK government is giving the self-employed 80% of their past profits as a cash grant, no matter how their business is doing right now. And the US government will be sending cheques directly over the coming month. Particularly relevant is also the COVID-19 Start-up Assistance Scheme from the Indian Government with the primary objective to provide quick working capital in the next 45 to 60 days. Under this scheme, each start-up is eligible for a loan of no more than INR 2 crores.

Measures taken worldwide are a clear indication on the mportance of replicating a similar scheme in Nepal for the short run to ensure that start-ups can survive the current precarious economic situation. Understanding the response of other governments is only the first step of this memo. The second, and more important, is the way forward for the Nepalese Government. After consultation with all relevant industry stakeholders involved and members of the start-up culture in Nepal (see Appendix 2), and studying the best government practices from around the world, we propose the "Nepal COVID-19 Start-up Assistance Scheme" (see Appendix 1) to be implemented in its soonest with the mandate of supporting start-ups until the impacts of COVID-19 are being experienced.

This scheme has been designed to help start-ups meet their temporary financial obligations alongside the much needed recognition of start-ups by BFIs which will make it easier for Start-ups in the future on issues such as Project or Start-up Financing, Working Capital Loan etc.

# APPENDIX 1

| | |
|---|---|
| Name of Scheme | Nepal COVID-19 Start-up Assistance |
| Type of Facility | Short-Term Facility |
| Purpose | To provide interim support to start-ups whose cash flow and liquidity has been adversely impacted by the COVID-19 pandemic. The assistance shall be used for various working capital requirements like salaries / wages, rent, administrative expenses, payment to vendors etc. |
| Eligible Beneficiaries | Start-ups as defined under Nepal's Start-up Policy 2017 (see footnote 1) |
| Government Implementation Committee | Ministry of Finance and Nepal Rastra Bank |
| Start-up Representation Committee | Committee of Members (Appendix 2) |

<table>
<tr><th colspan="2">POLICIES</th></tr>
<tr><td rowspan="2">Rent Relief</td><td>Provision: Provide immediate rent reliefs such that no rent payments are required during the lockdown period.</td></tr>
<tr><td>Provision: Reduce the interest rates on current loans issued by start-ups to a base interest rate. Require no monthly interestpayments at the moment, deferred payment o start 1 year after lockdown ends.</td></tr>
<tr><td>Tax Relief</td><td>Provision: Provide immediate temporary tax relief until 1 year after lockdown ends across all tax sectors, but primarily on:<br>1. TDS: No monthly payments at the moment, deferred payment to start 1 year after lockdown ends.<br>2. VAT: No monthly payments at the moment, deferred payment to start 1 year after lockdown ends.<br>3. Rent Tax: No monthly payments at the moment, deferred payment to start 1 year after lockdown ends.<br>4. Social Security Fund (SSF): No monthly payments at the moment, deferred payment to start 1 year after lockdown ends.</td></tr>
</table>

| | |
|---|---|
| **Payroll Relief** | Provision: Provide funds for payroll costs including benefits until the end of the lockdown period. Funds shall be allowed to be used to pay interest on mortgages, rent, and utilities. |
| **Access to Loan (COVID - 19 Emergency Support Signature Loan Package)** | Loan Type: Signature Loan |
| | Loan Amount: (5-50 Lakhs) |
| | Collateral: Business itself and Founders Guarantee shall act as Collateral, No Other Collateral Requirements shall be requested. |
| | Maturity: The maturity period shall be 1 Year. After that, the Bank can renew as per their own Evaluation or ask for Collateral, if required. |
| | Interest Rate: 10% (Refinancing Options: 5% shall Be Paid By Start-ups, remaining 5% by the Government in a one-year period) |
| | Service Charge: 0.25% |

| | |
|---|---|
| **Amendment to Procurement Policy (Cost Plus Model)** | Amendment: The government shall amend its procurement policy / process to make it easy to procure goods and services within a given threshold from start-ups in Nepal. |
| | Roster Availability: A roster of goods and services produced by start-ups that can be procured by GON will be made available. Government may purchase from any of the start-ups using the procurement policy ultimately aiding start-ups with a relief in their operating costs at the moment. |
| **Ecosystem Support** | Rationale: Current legal and policy provisions have not been impetus but hurdle to fully operate as Start-ups in Nepal or to even to get financing from international investors. COVID-19 crisis makes it even more imperative for quicker reform process |
| Amendments: The foreign investment threshold must be relaxed immediately. Automatic route for foreign investment approval must be introduced. All currently archaic laws have to be amended with a,singular umbrella legislation to allow the Start-up companies to operate as per company objectives approved by Company Registrar's Office | |

# APPENDIX 2
## COMMITTEE OF MEMBERS

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 1 | Aalok Subedhi | SiliconHire Pvt. Ltd |
| 2 | Abhaya Poudel | Reanda Biz Serve |
| 3 | Amigo Khadka | Upaya:CityCargo |
| 4 | Amit Agrawal | Khalti |
| 5 | Anjani Kumar Dahal | Biz Service Legal |
| 6 | Anjani Phuyal | Genesis Solution |
| 7 | Anil Parajuli | Business Incubation Lead |
| 8 | Ashutosh Tiwari | Safal Partners |
| 9 | Bahar Kumar | Nepal Communitere |
| 10 | Bibhushan Bista | Young Innovations |
| 11 | Binay Devkota | Clock b Business Innovations |
| 12 | Bishal Bhattarai | Smart Startup |
| 13 | Deependra Chaulagain | Samriddhi Foundation |

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 14 | Deepti Khakurel | Como-Mesopartner |
| 15 | Dilip Gurung | LEAD International |
| 16 | Faija Parween | Open Space Network |
| 17 | Kavi Raj Joshi | NEXT Venture Corps |
| 18 | Kishore Dhungana | Apex College |
| 19 | Kumar Paudel | Youth Innovation Lab |
| 20 | Manish Jha | FACTS Nepal |
| 21 | Manohar Adhikari | Foodmandu |
| 22 | Nanda Kishor Mandal | Skill Lab |
| 23 | Narottam Aryal | King's College |
| 24 | Niraj Karmacharya | Jaguar Investments |
| 25 | Niraj Khanal | Antarprerana |
| 26 | Pavitra Bahadur Gautam | Karkhana |
| 27 | Prakash Tiwari | Hotel Radisson |

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 28 | Prem Gaire | Boston International College |
| 29 | Rajeev Dhar Joshi | Kathalaya |
| 30 | Rajiv Lohani | Music Nepal |
| 31 | Rajiv Sharma | Jobs Dynamics |
| 32 | Rashtra Raj Bhandari | King’s College |
| 33 | Sanam Chitrakar | Biruwa Advisors |
| 34 | Semanta Dahal | Abhinawa Law Chambers |
| 35 | Shilshila Acharya | HCI |
| 36 | Sixit Bhatta | Tootle |
| 37 | Sudarshan Basnet | Sushwastha Hospital |
| 38 | Sujan Shrestha | TNA |
| 39 | Suman Pokharel | IME |
| 40 | Suman Shakya | Nepal Entrepreneurs’ Hub |
| 41 | Sunita Nhemaphuki | AgriNepal |

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 42 | Sushant Rijal | King’s Incubator |
| 43 | Tenzin Sonam Gonsar | TEAM Ventures |
| 44 | Thryza Dow | Blinc Ventures |
| 45 | Ujjwal Marahatta | Presidency Business Incubation Centre |
| 46 | Upasna Shrestha | Bhumi Restaurant/ Dekha Herbals/ NYEF |

2 Updated as of April 20, 2020/ Baisakh 8, 2077

**मि ति : २०७७/१/९**

कोभिड - १९ को महामारीले सिर्जना गरेको आर्थिक सामाजिक अवरोधहरुको सन्दर्भमा नेपालका स्टार्ट-अप कम्पनीहरुको (1) लागि अत्यावश्यक भएको आपतकालीन व्यवस्थापन योजनाको बारेमा हाम्रा सुझावहरु पेश गर्ने मौका दिनुभएकोमा धन्यवाद दिन चाहन्छौँ ।

विगत दुई महिनामा संसारभर कोभिड-१९ को उच्चदरले संक्रमण बढ्दो अवस्थामा रहेकोमा नेपाल सरकारले संक्रमित व्यक्तिहरूको संख्यालाई दोहोरो अंकको तल्लो भागतिर सीमित गर्न उत्कृष्ट काम गरेको छ । बन्दाबन्दी निरन्तर भैरहेको यस समयमा सरकारले प्रादेशिक तथा स्थानीय तहका सरकारहरुसँगको समन्वयमा द्रूत गतिमा संक्रमणको परीक्षण गर्ने कामलाई विस्तार गर्ने, स्वास्थ्य उपकरणहरुको आपूर्ति व्यवस्था मिलाउने (सन्दर्भमको लागि समूहमा परीक्षण गर्ने जस्ता नयाँ प्रविधिहरुको पनि विकास भैरहेको छ), सामूहिक रुपमा समाजबाट अलग्गै राख्ने (क्वारेनटिन) तथा एकान्तबास (आइसोलेसन) मा राख्नको लागि पर्याप्त भौतिक पूर्वाधारको तयार गर्ने तथा यस विपद्को सामना गर्नको लागि नेपालको स्वास्थ्य क्षेत्रको प्राविधिक तथा भौतिक क्षमतामा वृद्धि गर्ने काम गर्नेछ भन्ने अपेक्षा राखेका छौँ । यो प्रतिकार्य दिगो हुनेछ र हाल गरिएको तयारीले आगामी दिनमा यस्ता चुनौतीहरको सामना गर्नको लागि एक अनुकरणीय उदाहरण बन्नेछ भन्ने हामीले आशा गरेका छौँ ।

अहिलेको आपतकालीन अवस्थामा मानवीय आवश्यकतालाई सबभन्दा माथि राख्न आवश्यक छ । तत्कालको मानवीय आवश्यकताको साथसाथै यस विपद्ले अत्यन्तै असर पारेको विप्रेषण पठाउने क्षेत्र तथा पर्यटनमा धेरै नै भर पर्ने नेपालको अर्थतन्त्रलाई उठाउनको लागि त्यस अनुकूलका आर्थिक नीतिहरु तर्जुमा गर्नु आवश्यक रहेको छ । नेपालको अर्थतन्त्रले गुमाउने विप्रेषण आम्दानी तथा पर्यटन क्षेत्रमा पार्ने प्रभावको बारेमा टिप्पणीकारहरुले चर्चा गरेका (bit.ly/coronasup1) छन् । तर विशेष गरी नेपालको प्राविधिक नव-प्रवर्तन तथा अर्थतन्त्रमा योगदान गरिरहेका धेरै स्टार्ट-अप कम्पनीहरु लगायत साना तथा मझौला उद्यमहरुमा यस विपद्ले पारेको प्रभावको बारेमा खासै चर्चा भएको पाइन्न ।

(1) उद्योग मन्त्रालयको सन् २०१७ को स्टार्ट-अप नीति बमोजिम स्टार्ट अप कम्पनीको मान्यता पाउनको लागि कम्पनी दर्ता भएको अवधि पाँच वर्ष कटेको हुनुहुन्न । साथै उक्त कम्पनीमा १० करोड रुपैयाँ भन्दा बढीको लगानी हुनुहुन्न र र विगतका कुनै पनि आर्थिक वर्षको वार्षिक कुल आम्दानी १० करोड रुपैयाँ भन्दा बढी हुनुहुन्न ।

कोभिड - १९ को रोकथाम तथा नियन्त्रणका लागि सरकारले चालेका कदमहरुले नेपालका ४०० भन्दा बढी स्टार्ट-अप कम्पनीहरुमा पारेको प्रभावको बारेमा औपचारिक अध्ययन नभएको भए पनि हामीले देखे सुनेको आधारमा पनि धेरै असर पारेको प्रष्ट देखिन्छ ।

प्रारम्भिक चरणमा रहेका स्टार्ट-अप कम्पनीहरुमा बन्द हुने जोखिम बढेको छ भने बजारमा बलियो उपस्थिति भएका स्थापित स्टार्ट-अपहरुले आफूसँग प्रयोग गर्न मिल्ने नगदको मौज्दातमा कमी आउन सक्ने चिन्ता व्यक्त गरिरहेका छन् । नेपालका स्टार्ट अप कम्पनीहरुले समयको एकदमै ठूलो दबाब भोगिरहेका छन् र यदि उनीहरुको उद्यम आगामी ४ देखि ६ हप्तासम्म पुन: सुरु हुने अवस्था भएन भने अधिकांशले आफ्नो व्यवसाय बन्द हुने चिन्ता व्यक्त गरेका छन् । मध्यम स्तरको जोखिमको अवस्थामा पनि व्यवसायहरुले आफ्ना कर्मचारीहरुलाई जागिरबाट हटाउनको लागि बाध्य हुनेछन् जसले बेरोजगारीलाई बढाउँछ । त्यसले अन्तत: कडा प्रहारको सामना गरेको अर्थतन्त्रतको आर्थिक सूचकांकलाई झन् खराब बनाउँछ । स्टार्ट-अपहरुले नेपालमा मात्रै यो समस्या भोगेका होइनन्, यो त संसारभरिको अवस्था हो । स्टार्ट अपहरुले भोग्नु परेको समस्यालाई बुझ्नको लागि साना तथा मझौला उद्योगहरुको स्थिति नै सबभन्दा यथार्थपरक हुन्छ । संयुक्त राज्य अमेरिकाको उदाहरण (bit.ly/coronasup2) लिँदा ६२ % साना तथा मझौला व्यवसायहरुसँग तीन महिनाको लागि मात्रै नगद मौज्दात रहेको छ भने एक तिहाइसँग २७ दिनको लागि पुग्ने नगद मात्रै रहेको छ । त्यस आधारमा आँकलन गर्दा नेपालका साना तथा मझौला व्यवसायहरु कम्तीमा त्यस्तै जटिल अवस्थामा रहेका होलान् ।

स्टार्ट अपहरुको व्यवसायलाई निरन्तर सञ्चालन गर्न सक्ने बनाउनको लागि सहजीकरण गर्न सरकारले चाल्ने प्रतिकार्यको लागि आग्रह गर्दै गर्दा आफ्ना व्यवसाय अनुकूलका कामहरु होस् भन्ने हामी चाहन्नौँ । हामीले प्रष्ट पार्न खोजेको कुरा के हो भने हाम्रो अर्थतन्त्रको एक अभिन्न अंगको रुपमा यो क्षेत्र जति अहिले छ र भविष्यमा हुनेछ । त्यसको आधारमा नै उनीहरुलाई सहयोग गर्नु व्यवसायिक हिसाबले आवश्यक हुन्छ । बेलायती पत्रिका गार्जियनले भने जस्तै (bit.ly/coronasup3) यदि बन्दाबन्दी छोटो समयको लागि हुन्छ भने व्यवसायहरुलाई बन्द हुने अवस्थामा पुग्न नदिनु उचित हुन्छ । स्टार्ट अप तथा साना तथा मझौला उद्योहरु बन्द हुने र पछि "पुन: श्रमिकहरु तथा व्यवसायहरुले एक अर्कासँग काम गर्ने अवस्था आउँदा आर्थिक मन्दी झन् लामो तथा पीडादायी हुन्छ" । हामीले प्रस्ताव गरेको आर्थिक योजनाको नाफा घाटाको बारेमा

मूल्याङ्कन गर्दा अगाडिका नजिरहरु तथा विश्वव्यापी नजिरहरु हेर्दा यो उदीयमान क्षेत्रलाई सहायता प्रदान गर्दा त्यसले नेपाली अर्थतन्त्र तथा स्टार्ट-अप दुवैलाई लाभ हुने नै देखिन्छ । एउटा भनाइ छ, "आजको रोजगारीलाई बचाऔं र भोलि नयाँ सिर्जना गरौँ ।"

व्यवसायहरुलाई बन्द हुन नदिनको लागि हरेक देशले सहयोग योजना तयार पारेका छन् । त्यस्ता कदमहरुमा ब्याजदरलाई घटाउने, कम ब्याजदरको ऋणमा पहुँच प्रदान गर्ने, कर मिनाहा गर्ने, कार्यालयको भाडालाई मिनाहा गर्ने, कर्मचारीहरुलाई तलब प्रदान गरिराख्ने आदि छन् । केन्द्रीय बैंकहरुले एकातिर सरकारी ऋणपत्र किनेर (bit.ly/coronasup4) ब्याजदरलाई कम राखिरहेका छन् भने अर्कातिर बैंकलाई कम खर्चमा असीमित ऋण प्रदान गरिरहेका छन् र कम्पनीहरुलाई पनि प्रत्यक्ष रुपमा ऋण प्रदान गरिरहेका छन् ।

इटाली तथा स्पेनले ऋण तिर्न नपर्ने (bit.ly/coronasup5) व्यवस्था ल्याएका छन् । कम्पनीहरुले सरकारबाट लिन पाउने रकमको सीमालाई (bit.ly/coronasup6) जर्मनीले हटाएको छ तर उक्त ऋणलाई धेरै वर्षमा भए पनि तिर्नु भने पर्ने व्यवस्था ल्याएको छ । डेनमार्कले आफ्ना कम्पनीका तलब, बिरामी बिदा, कार्यालयको भाडा, तथा अन्य स्थिर खर्चको ९० प्रतिशतसम्म व्यहोर्ने (bit.ly/coronasup7) योजना ल्याएको छ । संयुक्त अधिराज्यको सरकारले स्वरोजगारहरुलाई उनीहरुको व्यवसाय अहिले जस्तो अवस्थामा भए पनि विगतको नाफाको ८० प्रतिशतसम्म नगद अनुदान दिने योजना ल्याएको छ । संयुक्त राज्य अमेरिकाको सरकारले आफ्ना नागरिकहरुलाई आगामी महिना सिधै चेक बाट पैसा पठाउँदैछ । हाम्रो लागि सबभन्दा सान्दर्भिक उदाहरण भनेको भारत सरकारले सुरु गरेको कोभिड - १९ स्टार्ट अप सहयोग योजना (bit.ly/coronasup8) हो जसको मुख्य उद्देश्य भनेको नै आगामी ४५ देखि ६० दिनमा चलाउन मिल्ने पूँजी चाँडै उपलब्ध गराउनु हो । यस योजना अन्तर्गत हरेक स्टार्ट अप बढीमा २ करोड भारु बराबरको ऋण पाउन योग्य हुन्छ ।

विश्वव्यापी रुपमा उठाइएका कदमहरुले त्यस्तै योजना नेपालमा पनि लागु गर्नुपर्ने महत्व दर्शाएका छन् जसको मद्दतले गर्दा अहिलेको एकदमै नाजुक आर्थिक अवस्थामा स्टार्ट-अप कम्पनीहरुले निरन्तर व्यवसाय सञ्चालन गर्न सकून् । अन्य सरकारहरुले चालेका कदमहरुको बारेमा बुझाउनु यस ध्यानाकर्षण पत्रको पहिलो लक्ष्य हो । त्यो भन्दा अझ बढी महत्वपूर्ण भनेको नेपाल सरकारले आगामी दिनमा चाल्नुपर्ने कदमको बारेमा चर्चा गर्नु हो । यस उद्योगका सान्दर्भिक सबै सरोकारवालाहरु तथा नेपालमा स्टार्ट अप संस्कृतिको विकास गर्नेहरुसँगको अन्तरक्रिया (जसको उल्लेख अनुसूची २ मा गरिएको छ) र विश्वभरका असल सरकारी अभ्यासहरुको अध्ययन गरेपछि हामीले नेपाल कोभिड - १९ स्टार्ट-अप सहयोग योजना (जसको उल्लेख अनुसूची १ मा गरिएको छ) प्रस्ताव गर्दछौँ । यसको कार्यान्वयन जतिसक्दो चाँडै गर्ने र यसको सञ्चालन अवधिको बारेमा कोभिड - १९ का असरहरु देखिरहन्छन् त्यो बेलासम्म गर्ने भन्ने कार्यादेश प्रदान गर्ने ।

यो योजना मूलत: स्टार्ट-अपहरुललाई उनीहरुको अल्पकालीन वित्तीय दायित्वहरु पूरा गर्नको लागि सहयोग गर्न तर्जुमा गरिएको हो । साथै उनीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्नुपर्ने सम्मान पनि दिऊन् जसले गर्दा आगामी दिनमा स्टार्ट अप कम्पनीहरुलाई परियोजना वा स्टार्ट अपमा ऋण प्रदान गर्न, चलाउने पूँजीको ऋण दिने जस्ता सवालमा पनि सहज हुन्छ भन्ने पनि अपेक्षा राखिएको छ ।

## अनुसूची १

| | |
|---|---|
| योजनाको नाम | नेपाल कोभिड-१९ स्टार्ट-अप सहयोग योजना |
| सुविधाको प्रकार | अल्पकालीन सुविधा |
| कारण | कोभिड - १९ को महामारीको कारणले आफ्नो नगद प्रवाह तथा मौज्दात रकममा नकारात्मक रुपमा असरको सामना गर्नु परेका स्टार्ट-अपहरुलाई अन्तरिम सहयोग प्रदान गर्ने । यस सहयोगलाई तलब/ज्याला, कार्यालय भाडा, प्रशासनिक खर्चहरु, आफूलाई वस्तु सेवा बिक्री गर्नेहरुलाई तिर्ने जस्ता विभिन्न किसिमका चालु पूँजी आवश्यक पर्ने शीर्षकमा खर्च गर्ने । |
| सहयोग पाउन योग्यहरु | नेपालको स्टार्ट-अप नीति, २०१७ ले परिभाषित गरेका स्टार्ट-अपहरु (फुटनोट १ हेर्नुहोस्) |
| सरकारी कार्यान्वयन समिति | अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैंक |
| स्टार्ट अप कम्पनीहरुका प्रतिनिधिहरु | विभिन्न प्रतिनिधिहरु सम्मिलित समिति (अनुसूची २) |

| नीतिहरु | |
|---|---|
| भाडामा राहत | **व्यवस्था :** कार्यालयको भाडाको सम्बन्धमा बन्दाबन्दीको समयमा भाडा तिर्न पर्दैन भनी तत्काल राहत प्रदान गर्ने । |
| | **वैकल्पिक कार्यस्थल:** काम गर्न अत्यन्तै जरुरी हुने स्टार्ट अप कम्पनीहरुलाई वैकल्पिक कार्यस्थलको खोजी गरी प्रदान गर्ने (उदाहरणको लागि प्रज्ञा प्रतिष्ठानको भवन) । त्यसको लागि भाडा नलिने र बिजुली तथा इन्टरनेट जस्ता सुविधा पनि शुल्क नलिई प्रदान गर्ने । |
| करमा राहत | व्यवस्था : सबै करका प्रावधानमा तर विशेष गरी तल उल्लिखित करहरुमा बन्दाबन्दी सकिएपछिको एक वर्षसम्म लागु हुने गरी तत्काल अस्थायी व्यवस्था गर्ने:<br>१. **स्रोतमा कर कट्टी:** हालको लागि मासिक रुपमा तिर्नुपर्ने व्यवस्था निलम्बन गर्ने तथा हाल दायित्व भएको करलाई बन्दाबन्दी सकिएको एक वर्षपछि विना विलम्ब शुल्क तिर्न सुरु गर्न मिल्ने बनाउने<br>२. **मूल्य अभिवृद्धि कर:** हालको लागि मासिक रुपमा तिर्नुपर्ने व्यवस्था निलम्बन गर्ने तथा हाल दायित्व भएको करलाई बन्दाबन्दी सकिएको एक वर्षपछि विना विलम्ब शुल्क तिर्न सुरु गर्न मिल्ने बनाउने<br>३. **घर भाडा कर:** हालको लागि मासिक रुपमा तिर्नुपर्ने व्यवस्था निलम्बन गर्ने तथा हाल दायित्व भएको करलाई बन्दाबन्दी सकिएको एक वर्षपछि विना विलम्ब शुल्क तिर्न सुरु गर्न मिल्ने बनाउने<br>४. **सामाजिक सुरक्षा कर :** हालको लागि मासिक रुपमा तिर्नुपर्ने व्यवस्था निलम्बन गर्ने तथा हाल दायित्व भएको करलाई बन्दाबन्दी सकिएको एक वर्षपछि विना विलम्ब शुल्क तिर्न सुरु गर्न मिल्ने बनाउने |

| | |
|---|---|
| | **ब्याज दर :** १०% (पुनर्वित्तीयकरणको विकल्पहरु : एक वर्षको लागि ५% स्टार्ट अप कम्पनीले तिर्ने तथा बाँकी ५% सरकारले तिर्ने) |
| | **सेवा शुल्क :** ०.२५% |
| कर्मचारीलाई तिर्ने रकममा राहत | **व्यवस्था:** बन्दाबन्दीको समय नसकिञ्जेलसम्म कर्मचारीको तलब/ज्याला तथा अन्य सुविधाको लागि लाग्ने खर्च तिर्नको लागि रकम उपलब्ध गराउने । |
| ऋणमा पहुँच | **ऋणको प्रकार :** हस्ताक्षर ऋण (Signature Loan) |
| | **ऋणको परिमाण:** (५ लाख - ५० लाख) |
| | **धितो:** व्यवसाय तथा संस्थापक/शेयर स्वामित्व भएकाहरुले प्रदान गर्ने जमानीले धितोको रुपमा काम गर्ने तथा त्यस सम्बन्धी थप व्यवस्था लागु नगर्ने । |
| | **ऋणको अवधि** : यस ऋणको अवधि एक वर्षको हुनेछ। त्यस अवधिपछि बैंकले आफ्नै मूल्याङ्कनको आधारमा ऋणको नवीकरण गर्न सक्छ वा आवश्यक भएमा थप धितोको व्यवस्था गराउन सक्छ । |

| | |
|---|---|
| | **ऋणमा अनुदान :** हालको नीति अनुसार निजी वित्तीय संस्थाले आफ्नो कुल नाफाको १ प्रतिशत रकम कम्पनीको सामाजिक उत्तरदायित्व अन्तर्गत लगाउनु पर्ने व्यवस्था गरेको छ । त्यस रकमको केही भाग माथि उल्लेख गरिएको स्टार्ट-अप कम्पनीलाई प्रदान गरिने अनुदान प्राप्त ऋणमा खर्च गरेमा ऋण प्रदान गर्ने संस्थालाई पर्ने भारमा केही कमी ल्याउन सकिन्छ । |
| | **अन्य:** बजारमा जारी भएको मूल्य अभिवृद्धि कर तिरेको बिलको आधारमा ५ प्रतिशत ब्याजदरमा प्रमाणपत्रमा आधारित ऋण उपलब्ध गराउने |
| खरिद नीतिको संसोधन (खर्च प्लस ढाँचा) | **संशोधन:** निश्चित सीमासम्मको रकममा आउने वस्तु तथा सेवाहरु नेपालका स्टार्ट-अप कम्पनीहरुबाट किन्नको लागि सजिलो बनाउनको लागि सरकारले खरिद सम्बन्धी नीति तथा प्रक्रियाहरुलाई संसोधन गर्नुपर्छ । |
| | **उपलब्ध वस्तु तथा सेवाहरुको सूची:** स्टार्ट-अप कम्पनीहरुले उत्पादन गर्ने वस्तु तथा सेवाहरुको सूची जुन सरकारले खरिद गर्न सक्छ त्यस्तो सूची जारी गर्ने । खरिद नीति बमोजिम सरकारले जुनसुकै स्टार्ट-अप कम्पनीहरुबाट पनि त्यसलाई खरिद गर्न सक्छ । यसले अन्तत: स्टार्ट-अप कम्पनीहरुलाई उनीहरुको चालु खर्च धान्नमा मद्दत गर्नेछ । |

<table>
<tr><td>समग्र प्रणालीको लागि सहयोग</td><td>औचित्य: स्टार्ट-अपलाई पूर्ण रुपमा सञ्चालन गर्न तथा विदेशबाट लगानी ल्याउनको लागि समेत हालका नीतिहरुले सहयोग हैन बाधा अड्चन नै पुर्याइरहेका छन् । कोभिड - १९ को संकटले गर्दा यसमा झन् चाँडो सुधार हुनु आवश्यक रहेको छ ।</td></tr>
<tr><td>ब्याजमा राहत</td><td>व्यवस्था : हाल स्टार्ट-अप कम्पनीहरुलाई प्रदान गरिएको ऋणको ब्याज दरलाई आधारभूत दर भनी तय भएको दरमा घटाउने । हालको लागि मासिक ब्याज तिर्नुपर्ने व्यवस्था निलम्बन गर्ने तथा हाल उठेको ब्याजलाई बन्दाबन्दी सकिएको एक वर्षपछि विना विलम्ब शुल्क तिर्न सुरु गर्न मिल्ने बनाउने ।</td></tr>
<tr><td colspan="2">संसोधन: वैदेशिक लगानीको न्यूनतम सीमालाई तत्कालै घटाउनुपर्छ । वैदेशिक लगानीको स्वीकृतिको लागि स्वत: हुने व्यवस्था सुरु गर्नुपर्छ । पुराना र युग सुहाउँदा नरहेका कानूनहरुको संसोधन गरी एक छाता ऐन बनाएर कम्पनी रजिष्ट्रारको कार्यालयले अनुमोदन गरेका कम्पनीको उद्देश्य बमोजिम सञ्चालन गर्न मिल्ने बनाउनुपर्छ ।</td></tr>
</table>

## अनुसूची २
समितिका सम्मिलित प्रतिनिधिहरु

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 1 | Aalok Subedhi | SiliconHire Pvt. Ltd |
| 2 | Abhaya Poudel | Reanda Biz Serve |
| 3 | Amigo Khadka | Upaya:CityCargo |
| 4 | Amit Agrawal | Khalti |
| 5 | Anjani Kumar Dahal | Biz Service Legal |
| 6 | Anjani Phuyal | Genesis Solution |
| 7 | Anil Parajuli | Business Incubation Lead |
| 8 | Ashutosh Tiwari | Safal Partners |
| 9 | Bahar Kumar | Nepal Communitere |
| 10 | Bibhushan Bista | Young Innovations |
| 11 | Binay Devkota | Clock b Business Innovations |
| 12 | Bishal Bhattarai | Smart Startup |
| 13 | Deependra Chaulagain | Samriddhi Foundation |

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 14 | Deepti Khakurel | Como-Mesopartner |
| 15 | Dilip Gurung | LEAD International |
| 16 | Faija Parween | Open Space Network |
| 17 | Kavi Raj Joshi | NEXT Venture Corps |
| 18 | Kishore Dhungana | Apex College |
| 19 | Kumar Paudel | Youth Innovation Lab |
| 20 | Manish Jha | FACTS Nepal |
| 21 | Manohar Adhikari | Foodmandu |
| 22 | Nanda Kishor Mandal | Skill Lab |
| 23 | Narottam Aryal | King's College |
| 24 | Niraj Karmacharya | Jaguar Investments |
| 25 | Niraj Khanal | Antarprerana |
| 26 | Pavitra Bahadur Gautam | Karkhana |
| 27 | Prakash Tiwari | Hotel Radisson |

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 28 | Prem Gaire | Boston International College |
| 29 | Rajeev Dhar Joshi | Kathalaya |
| 30 | Rajiv Lohani | Music Nepal |
| 31 | Rajiv Sharma | Jobs Dynamics |
| 32 | Rashtra Raj Bhandari | King’s College |
| 33 | Sanam Chitrakar | Biruwa Advisors |
| 34 | Semanta Dahal | Abhinawa Law Chambers |
| 35 | Shilshila Acharya | HCI |
| 36 | Sixit Bhatta | Tootle |
| 37 | Sudarshan Basnet | Sushwastha Hospital |
| 38 | Sujan Shrestha | TNA |
| 39 | Suman Pokharel | IME |
| 40 | Suman Shakya | Nepal Entrepreneurs’ Hub |
| 41 | Sunita Nhemaphuki | AgriNepal |

| S.N | Name | Affiliated Organisation |
|---|---|---|
| 42 | Sushant Rijal | King’s Incubator |
| 43 | Tenzin Sonam Gonsar | TEAM Ventures |
| 44 | Thryza Dow | Blinc Ventures |
| 45 | Ujjwal Marahatta | Presidency Business Incubation Centre |
| 46 | Upasna Shrestha | Bhumi Restaurant/ Dekha Herbals/ NYEF |

2 Updated as of April 20, 2020/ Baisakh 8, 2077

Cover Designed by:
Bishesta Dhakhwa

Translation Support (Summary):
Yajya Raj Bhatt

Copyright and Publisher:
Innovation Kitchen, King's College Kathmandu